भारतीय राजदूतावास

काठमाडौं

<u>प्रेस विज्ञप्ति</u>

## राजदूत क्वात्रले नेपाल सरकारको उर्जा, जलस्रोत र सिंचाई मन्त्रीसँग भेट गरे

नेपालका लागि भारतका राजदूत महामहिम श्री विनय मोहन क्वात्रले आज माननीय उर्जा, जल संसाधन र सिंचाई मन्त्री श्री टोप्पबहादुर रायमाझीसङ्ग उहाँको कार्यालयमा भेट गरे।

राजदूतले मा। मन्त्रीज्युलाई उर्जा, जल संसाधन र सिंचाई मन्त्रीको रूपमा नियुक्त भएकोमा बधाई दिए र शुभकामना व्यक्त गरे।

उहाँहरू बीच भारत र नेपालको बीचमा विद्युत क्षेत्रमा भइरहेको सहकार्यबारे छलफल भएको थियो जसमा ठूला(ठूला संयुक्त परियोजनाहरूको चाडै सम्पन्न गर्ने र सहजीकरण गर्ने लगायतका बिषयबस्तु समावेश थिए।

२०१४ मा विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भए पछि भारत र नेपालको विद्युत् क्षेत्रमा बहुपक्षीय संलग्नता हुँदै आएको छ जुन विगत चार(पाँच  वर्षमा उल्लेखनीय रूपमा अगाडि बढेको छ। यसमा नेपाली जलविद्युत क्षेत्रमा भारतीय लगानी, उच्च भोल्टेज र मध्यम भोल्टेज क्रॉस बोर्डर ट्रान्समिशन लाइन, विद्युत व्यापारको सुविधाको साथै ग्रिड अपरेशनमा समन्वय समावेश छन् ।

भारतीय राजदूतावास

काठमाडौं

डिसेम्बर २८, २०२०